भिमाद नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.:- २०७८।०७९
च.नं.:-

फोनः ०६५-५७२४३६

**विषयः सेवा करारमा लिने सम्बन्धी दरखास्त आव्हान गरिएको सूचना ।**

प्रथम पटक प्रकाशित मितिः २०७८/०४/२७ गते वुधवार

प्रस्तुत विषयमा भिमाद नगरकार्यपालिकाको निर्णय एवं यस कार्यालयको विज्ञापन प्रकाशन तथा पदपुर्ति समितिको निर्णय अनुसार भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय अन्तरगत आवश्यक देहायका पदहरु सेवा करारमा लिनु पर्ने भएकोले सेवा करारमा काम गर्न ईच्छुक देहाय अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा कार्यालय समयभित्र तपशिलका आवश्यक कागजात सहित तोकिएको ढाँचामा विज्ञापन नम्बर, पद, कार्यालय र स्थान स्पष्ट रुपमा उल्लेख गरी निवेदन दिन दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

क) विज्ञापन नं. १/२०७८/०७९ किहुँ स्वास्थ्य चौकी भिमाद - १ को लागिः

| क्र.सं. | पद | श्रेणी / तह | आवश्यक पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अ.न.मी | सहायक चौथो | १ | |

ख) विज्ञापन नं. २/२०७८/०७९ माझकोट स्वास्थ्य चौकी भिमाद - ४ को लागिः

| क्र.सं. | पद | श्रेणी / तह | आवश्यक पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अ.हे.व | सहायक चौथो | १ | |

१. अ.न.मी. सहायक चौथो र अ.हे.व सहायक चौथो पदको लागि आवश्यक न्युनतम योग्यता एवं आवश्यक कागजातहरुः-

क. अ.न.मी पदको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी. तालिम/कोर्ष उतीर्ण भएको प्रमाणपत्रको प्रतिलिपि र अ.हे.व पदको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट अ.हे.व. वा सि.एम.ए कोर्ष उत्तीर्ण भएको प्रमाणपत्रको प्रतिलिपि,

ख. अ.न.मी. पदको लागि नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र अ.हे.व. पदको लागि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

ग. प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ,

घ. निवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ, महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ,

ङ. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

च. अनुभव भए सोको प्रमाण पत्र,

छ. पासपोर्ट साइजको २ प्रति फोटो ।

२. सेवा सुविधाः सेवा करार सम्झौता वमोजिम हुनेछ ।

३. दरखास्त दस्तुरः अ.न.मी. सहायक चौथो र अ.हे.व.सहायक चौथो पदको लागि रु. ४००।

४. छनौटको किसिमः अन्तरवार्ता

५. अन्तरवार्ता मितिः दरखास्त लिने म्याद सकिएको मितिले १ हप्ता भित्र तोकिने छ ।